# आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.

# RMDC Laghubitta Bittiya Sanstha Ltd.

## ऋण लिन चाहने संस्थामा हुनु पर्ने योग्यता

### १. लघुवित्त वा ऋण कार्यक्रम संचालन गर्ने संस्थाहरुको लागि

क) विधिपूर्वक दर्ता भई लघुवित्त वा ऋण कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त  गरेको ।

ख) सफलतापूर्वक कम्तिमा १ वर्ष सम्म लघु ऋण सेवा तथा वचत परिचालन कार्य गरेको अनुभव भएको ।

ग) पहिलो वर्ष वचत रकम कूल लगानीमा रहिरहेको रकमको कम्तिमा २५% रहेको ।

घ) संचित असूली दर कम्तिमा ९० प्रतिशत रहेको ।

ङ) कुशल तथा सक्षम व्यवस्थापन भएको ।

च) लघुवित्त वा ऋण सम्वन्धी कारोवारको उपयुक्त सूचना प्रणाली  भएको ।

छ) ब्यवसायिक योजना वा वार्षिक वजेट तर्जुमा गर्ने गरेको ।

ज) ऋण लगानी असूली सम्बन्धी लिखित कार्यविधि वा म्यानुअल भएको ।

झ) आधुनिक लेखा प्रणाली अवलम्वन  गरेको ।

ञ) ऋण कार्यक्रमको अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको ।

ट) कम्तिमा ५० जना सक्रिय ऋणी भएको ।

ठ) आरएमडीसीले प्रदान गरेको ऋण रकमबाट लगानी भएको ऋणी मध्ये कम्तिमा २५ % ऋणी महिला हुनु पर्नेछ ।

ड) कम्तिमा रु.१५ लाख वित्तीय साधन सुलभ भएको ।

ढ) ३ वर्षको वित्तीय अवस्था हेर्दा वित्तीय आत्म निर्भरता तर्फ उन्मुख भएको ।

ण) कम्तिमा रु.५ लाख खुद पूजी (Networth) भएको ।

त) समयमा लेखापरीक्षण भएको ।

थ) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको ।

२. लघुउद्यम/व्यवसाय ऋण प्रदान गन संस्थाहरुको लागि

क) विधिपूर्वक दर्ता भई वित्तीय कारोवार गर्न  प्रमाणपत्र प्राप्त गरेको ।

ख) कम्तिमा १ वर्ष सम्म ऋण सेवा तथा वचत परिचालन कार्य गरेको अनुभव भएको ।

ग) संचित असूली दर कम्तिमा ९० प्रतिशत  रहेको ।

घ) कुशल तथा सक्षम व्यवस्थापन भएको

ङ) कारोवारको उपयुक्त सूचना प्रणाली भएको ।

च) उपयुक्त ब्यवसायिक योजना वा वार्षिक वजेट तर्जुमा गर्ने गरेको ।

छ) ऋण लगानी असूली सम्बन्धी लिखित कार्यविधि वा म्यानुअल भएको ।

ज) आधुनिक लेखा प्रणाली अवलम्वन गरेको ।

झ) ऋण कार्यक्रमको अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको ।

ञ) कम्तिमा ५० सक्रिय ऋणी भएको ।

ट) कम्तिमा रु.१५ लाख वित्तीय साधन सुलभ भएको ।

ठ) विगतको वित्तीय अवस्था हेर्दा वित्तीय आत्म निर्भरता तर्फ उन्मुख भएको ।

ड) कम्तिमा रु.५ लाख खुद पूजी (Networth) भएको ।

ढ) समयमा लेखापरीक्षण भएको ।

ण) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको ।